# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने ब्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: २०७५।०७६
च.नं.:

मिति: २०७५।१२।१०

श्री प्रमुखज्यू,
हरिहरपुरगढी गाँउपालिका,
सिन्धुली ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट हरिहरपुरगढी गाँउपालिकाको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.७९ लाख ३४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३५ लाख ८७ हजार, नियमित गर्नुपर्ने रु.३ लाख ६० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२६ हजार र पेश्की रु.३९ लाख ६१ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**हरिहरपुरगढी गाँउपालिका**
**लेखापरीक्षण प्रतिवेदन**

**२०७४।७५**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। ३ नं. प्रदेशमा अवस्थित यो गाँउपालिका अन्तर्गत ८ वडा, १ प्रीतिनिधि सभा सदस्य, ३४३.७ वर्ग कि.मी.क्षेत्रफल र २७७८७ जनसंख्या रहेको छ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | अनुसूची | रकम | | विवरण | अनुसूची | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **वित्तिय समानिकरण तर्फको चालु खर्च** | ४ | २८०७७२९४.११ |
| | क) नगद | | | २ | **वित्तिय समानिकरण तर्फको पूँजीगत खर्च** | ४ | १४८०७८०४७.७३ |
| | ख) बैंक | १ | ५२१२८६९.५३ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | | ६४१७९९८.४८ | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | | २२८००९०००.०० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २ | ८१९२६४७२.८१ | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | **धरौटी बाँकी** | | ५९०००ॅ०० |
| | घ) विशेष अनुदान | | | ६ | **कोष खर्च** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | **सशर्त अनुदान तर्फको खर्च** | २ | ८१९२६४७२.८१ |
| | क)वित्तीय समानीकरण अनुदान | | | ७ | **अन्य विविध खर्च** | | |
| | ख) सशर्त अनुदान | | | | सर्शत अनुदान तर्फ को.ले.नि.का.फिर्ता | | |
| | ग) समपूरक अनुदान | | | ८ | धरौटी फिर्ता | | १८९१४ॅ०० |
| | घ) विशेष अनुदान | | | ९ | **स्थानीय शासन तथा सामुदायिक बिकास कार्यकम** | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | चालु ब.उ.शि.नं.(३६५१९३) | | ३६३३६४.०० |
| ६ | धरौटी आम्दानी | | २४८१४०.०० | | पुजिगत ब.उ.शि.नं.(३६५१९४) | | ५९६८६६.०० |
| | | | | १० | **आन्तरिक श्रोतको खर्च** | | २३४०९४१.५१ |
| | | | | ११ | **सामाजिक सुरक्षा अनुदान** | | २४८३३१००.०० |
| | | | | १२ | **जि.स.स.को खर्च** | | २६४०००.०० |
| ७ | **सामाजिक सुरक्षा अनुदान (३६५०१५३)** | | २४८३३१००.०० | | बिभिन्न कर दाखिला बांकी (९८४७०.०८) | | |
| ८ | **स्थानीय शासन तथा सामुदायिक बिकास** | | | | कन्टेन्जेन्सी रकम आम्दानी (२५३४३२५.००) | | |
| | चालु ब.उ.शि.नं.(३६५१९३) | | ३६३३६४.०० | | हि.मि. हुन बांकी(३०९०.३७) | | |
| | पुजिगत ब.उ.शि.नं.(३६५१९४) | | ५९६८६६.०० | | सामाजिक सुरक्षा फिर्ता(२०३२००.००) | | |
| | | | | | शसर्त फिर्ता बांकी(५५८२०.००) | | |
| | | | | | साटिन बांकी चेक(२२३८२.००) | | |
| | | | | १३ | **साना सिँचाई सोझै भुक्तानी बांकी** | | १०१४०००.०० |
| | | | | १४ | **कारितास नेपाल बांकी** | | ५००००.०० |
| | | | | १५ | **जि.स.स.को बांकी** | | १९३७५.०० |
| | | | | १६ | **अन्य खातामा राजश्व आम्दानी** | | १४७५०.०० |
| ९ | **साना सिचाँई कार्यकम(३६५८४४४) सोझै भुक्तानी** | | १०१४०००.०० | १७ | **मौज्दात** | | |
| १० | **जिल्ला समन्वय समितिबाट प्राप्त** | | २८३३७५.०० | | क) नगद मौज्दात | | |
| ११ | **कारितास नेपाल** | | ५००००.०० | | ख) बैंक मौज्दात(६५१५८९९७.११) | १ | ६११४३५८४.६६ |
| | **जम्मा** | | **३४८७०७०४५.८२** | | **जम्मा** | | **३४८७०७०४५.८२** |

## हरिहपुरगढी गाँउपालिका, सिन्धुली

| दफा | विवरण | रकम |
|---|---|---|
| | गाँउपालिकाको आर्थिक कारोबारसंग सम्बन्धित आर्थिक विवरण एवं स्रेस्ताहरुको लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अर्न्तराष्ट्रिय मानदण्ड तथा मार्गदर्शनको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा गाँउपालिकाले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापनपक्षसँग छलफल गरी मिति २०७५।१०।७ मा जानकारी गराए पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् । | |
| | लेखापरीक्षणको क्रममा कैफियत औल्यापछि गाँउपालिकाले उपभोक्ता समितिलाई रकम उपलब्ध गराउदा उपभोक्ता समितिले प्रयोग गरेको ट्रेक्टर, टिप्पर, डोजर तथा एक्साभेटरको भाडा बापत कट्टी गरेको भाडाकर रु.५२,२३,९४७.३० र बिद्यालयलाई दोहोरो निकासा गएको रु.१६,८१,४०६.०० समेत रु.६९,०५,३५३.३० असुल गरी संघिय संचितकोषमा दाखिला भएको प्रमाण पेश भएको छ । | |
| १ | **सेवा प्रवाहः** नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामुलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक कियाकलाप सञ्चालन गरेको छ । दरबन्दी अनुसार बिषयगत कर्मचारीको अभावको कारण स्थानीय जनताले सेवा प्राप्त गर्न कठिनाई भएको छ । | |
| २ | **आन्तरिक नियन्त्रण प्रणालीः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, समितिको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार गर्ने नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, स्विकृत दरबन्दी अनुसार कर्मचारी नरहेको, पेश्की समयमा फछ्र्यौट नगरेको आदि कमीकमजोरी देखिएका छन् । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले कार्य सम्पादनमा नियन्त्रण, मितव्ययी र पारदर्शी नहुने हुदाँ सो प्रणाली मजवुत र भरपर्दो बनाउनु पर्ने देखिन्छ । | |
| ३ | **कन्टेन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा बर्क स्टार्फ चार्ज २.५ प्रतिशत र सानातिना अन्य कार्यको २.५ समेत ५ प्रतिशत कन्टेन्जेन्सी बापत थप खर्च गर्न सक्ने व्यवस्था छ । कन्टेन्जेन्सी खर्च सम्बन्धमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको च.नं.१६२ मिति २०७०।१।२४ को परिपत्र अनुसार कार्यालयको लागि अनुमान समोवश गरिने ५ प्रतिशत कन्टेन्जेन्सी मध्ये २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण जस्ता पुँजीगत खरिद तथा निर्माण शीर्षकमा अर्थ मन्त्रालयको सहमती लिई खर्च गर्नुपर्ने र बाँकी ३ प्रतिशत रकमबाट कार्यालय सामान, ज्यामी ज्याला, ईन्धन सञ्चार, भ्रमण खर्च, सवारी साधन मर्मत तथा विविध खर्च गर्न सकिने र त्यस्तो खर्चको स्पष्ट अभिलेख राख्नुपर्नेमा गाँउपालिकाले त्यसरी पुँजीगत र चालु खर्चको सीमा भित्र रही खर्च गरेको र अभिलेख स्पष्ट गरी राखेको देखिएन । कन्टेन्जेन्सी रकमबाट पुँजीगत र चालुखर्चमा अर्थ मन्त्रालयको परिपत्र अनुसार नियमको उल्लेखित व्यवस्थामा नबढ्ने गरी क्रमश २ प्रतिशत र ३ प्रतिशतको सिमा भित्र रही खर्च गर्न कन्टेन्जेन्सी खर्चको मापदण्ड र खर्चको आधार स्पष्ट गरी कार्यविधि बनाई योजनागत रुपमा खर्च लेखाङ्कन गर्ने व्यवस्था मिलाई भए गरेको खर्चलाई नियमसँगत, मितव्ययी, मापनयोग्य र पारदर्शी बनाउन ध्यान दिनुपर्दछ । | |

| दफा | विवरण | रकम |
|---|---|---|
| ४ | **पेश्की व्यवस्थापनः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । कार्यालयमा पेश्की रकमको बिल भर्पाई सहितको विवरण प्राप्त भएपछि ७ दिन भित्र फछ्र्यौट गरी सक्नूपर्ने व्यवस्था छ । गाँउपालिकाले विभिन्न बजेट शीर्षक लगायत दिएकोकार्यक्रम पेश्की, कार्यक्रम सकेपश्चात तुरुन्त फछ्र्यौट नगरी अधिकांश पेश्की आर्थिक बर्षको अन्तमा फछ्र्यौट गरेको छ । साथै पेश्की माथि पेश्की दिने र पेश्की उपलब्ध गराउँदा कार्यक्रम र सोमा लाग्ने रकमको लागत अनुमान तयार नगरी पेश्की लिनेदिने गरेको समेत देखिएको छ । यसमा नियमानुसार सुधार हुनु पर्दछ । | |
| ५ | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपरोक्त तालिका अनुसार २०७४ अषाढमा गाँउसभाबाट पारित गरेको छ । | |
| ६ | **श्रोतअनुमान तथा वजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा गाँउपालिकाले उपरोक्त कार्य गरेको छैन । | |
| ७ | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण तयार गर्न ुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । प्रगति बिवरण बेगर कार्यक्रमको उपलब्धि मापन गर्ने आधार नहुने हुदा नियम अनुसार प्रगति बिवरण तयार गरी पेश गर्नुपर्दछ । | |
| ८ | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन,२०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ। | |
| ९ | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

| दफा | विवरण | रकम |
|---|---|---|
| १० | **स्थानीय तथ्यांक र अभिलेख**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ११ | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले गाउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १२ | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १३ | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १४ | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्थामा स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्षको १,०१,७२१.६० कर्मचारी कल्याण कोषको लागि रकमको व्यवस्था गरेको छ । कर्मचारी कल्याण कोष सम्बन्धि कार्यविधि तयार गरी सञ्चालन गर्नुपर्दछ । | |
| १५ | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालिकाले त्यस्ता कार्यक्रममा समेत खर्च गरेको | |

| दफा | विवरण | रकम |
|---|---|---|
| | देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | |
| १६ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । | |
| १७ | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा गाउँपालिका भित्र कर योग्य कारोबार गर्ने व्यवसायीको लगत राख्ने कार्य समेत गरेको देखिएन । | |
| १८ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले SUTRA प्रयोग गरेको देखिएन । | |
| १९ | **सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बर्ष भरी प्रवाह गरेको सेवा तथा खर्चको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गरेको छैन । ऐन नियमको पालना गर्नुपर्दछ । | |
| २० | **राजश्वको अभिलेख:** गाँउपालिकाको आठ वडा र गाँउपालिका कार्यालयबाट राजस्व सकंलन गर्ने गरेको छ । गाँउपालिकाले उपलब्ध गराएको बिवरण अनुसार यसबर्ष निम्न शिर्षकबाट रु.१०,९५,३१६।४८ राजस्व आन्तरिक आय प्राप्त भएको देखियो ।<br><table><tr><th>शिर्षक</th><th>आय</th></tr><tr><td>बहाल कर</td><td>१५४७३४.७०</td></tr><tr><td>ढुंगा गिट्टी बालुवा</td><td>५४४६८४.००</td></tr><tr><td>टेण्डर फाराम बिक्रि</td><td>११०००.००</td></tr><tr><td>मालपोत अन्य</td><td>३८४८९७.७८</td></tr><tr><td>**जम्मा**</td><td>**१०९५३१६.४८**</td></tr></table>गाँउपालिकाले राजस्व अभिलेख राखेको छैन । लेखापरीक्षणको लागि श्रेस्ता माग गर्दा बैंक स्टेटमेन्टको आधारमा राजस्व अभिलेख तयार गरेको गाँउपालिकाले जानकारी दिएको छ । यसबाट राजस्वको आम्दानी बास्तबिक भए नभएको एकिन गर्न सकिएन । सबै वडाहरुलाई राजस्वको अभिलेख राख्न लगाई कारोबार तथा अभिलेखको आधारमा राजस्वको मासिक एंवम बार्षिक बिवरण तयार गर्ने तर्फ गाँउपालिकाको ध्यान जानुपर्ने देखियो । | |
| २१ | **आर्थिक कारोबार:** गाँउपालिकाले शसर्त तथा निशर्त अनुदान प्रदान गरेपछि सर्शतका कार्यक्रम बमोजिम र निर्शत तर्फको गाँउ सभाले स्वीकृत गरेको शिर्षकगत गरी लेखा राख्नुपर्दछ । गाँउपालिकाले सर्शततर्फको , कृषि, पशु, स्वास्थ्य, सर्शततर्फको शिर्षकगत खर्चका फाँटवारी तयार गरको छैन । यसबाट कुन शिर्षकमा कति खर्च भयो, बार्षिक कार्यक्रमले तोके भन्दा आर्थिक खर्च भयो वा सिमा भित्रै खर्च भयो एकिन गर्न सकिएन । त्यस्तै बित्तिय समानिकरण चालुतर्फ तथा पुंजीगत तर्फको कन्टेन्जेन्सीखर्चको फांटवारी समेत तयार नगर्दा बजेट खर्च गर्ने नियन्त्रणमा पद्धती अवलम्बन गर्न सकेको देखिएन । यसबाट आर्थिक अनुशासनमा ह्रास आउने देखिएकोले बजेट निर्देशिकाले तोके अनुसार बजेट खर्च गर्ने र लेखा राख्ने तर्फ बिशेष ध्यान | |

<table>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td>

**नपाउने बैठक भत्ता:**स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन, २०७५ को दफा ४ तथा अनुसुची १ मा न्यायिक समिति, बिधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरुले मात्र बैठक भत्ता पाउने उल्लेख छ । गाँउपालिकाले देहाय अनुसार गाँउ सभा, गाँउ कार्यपालिकाको बैठक, वडा समितिको बैठक भत्ता लिएको देखिदा गाँउपालिकाबाट बैठक भत्ता बुझ्ने पदाधिकारी तथा कर्मचारीसँग करकट्टी गरेको रकम घटाई बांकी बैठक भत्ता रु.२७७२७००.०० निजहरुबाट असुलउपर गर्नुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>बिवरण</th><th>बार्षिक सहभागी संख्या</th><th>खर्च रकम</th><th>करकट्टी</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>गाँउ सभा बैठक</td><td>६५१</td><td>९,७६,५००.००</td><td>१,४६,४७५.००</td><td>८,३०,०२५.००</td></tr>
<tr><td>२</td><td>गाँउ कार्यपालिका बैठक</td><td></td><td>३,८८,०००.००</td><td>५८,२००.००</td><td>३,२९,८००.००</td></tr>
<tr><td>३</td><td>गाँउ वडा पालिका बैठक</td><td></td><td>१८,९७,५००.००</td><td>२,८४,६२५.००</td><td>१६,१२,८७५.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३२,६२,०००.००</td><td>४,८९,३००.००</td><td>२७,७२,७००.००</td></tr>
</table>

</td><td>२७७२७००.००</td></tr>
<tr><td></td><td>

**बित्तिय समानिकरण (पुजीगततर्फ)**

</td><td></td></tr>
<tr><td>२३</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिबाट कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाईनै हस्तान्तरण गर्नुपर्ने र उपनियम १५ मा हस्तान्तरित आयोजनाको सेवा उपभोग गरेवापत उभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोक्न सक्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सँचालन तथा मर्मत संभार गर्नुपर्ने उल्लेख छ । गाँउपालिका र उपभोक्ता समितिबीच नदीतटबन्ध, बाटो बाहेकका खानेपानी, डिप ट्युबेल, कृषि उपकरण जस्ता कार्य सम्पन्न भएपछि निरन्तर उपभोगको लागि त्यस्ता आयोजकको निरन्तर रेखदेख, मर्मत संम्भारको लागि समिति गठन गरी सेवा सुविधाको आधारमा शुल्क समेत तय गरी योजनालाई निरन्तर दिनुपर्नेमा त्यस्तो देखिएन जसबाट सम्पन्न भएमा योजनाको उपलब्धी स्थितीबारे एकिन गर्न सक्ने अवस्था नभएको सम्बन्धमा गाँउपालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td>

उपभोक्ता समितिलाई संम्झौता अनुसार निर्माण कार्य सम्पन्न भएपछि रकम उपलब्ध गराउदा उपभोक्ताले खरिद गरेको निर्माण सामाग्री, श्रम लगायतको बिल बिजक तथा बिल एंवम कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्नुपर्दछ । तटबन्ध सम्बन्धी उपभोक्ताबाट भएको केही कामको श्रेस्ता परीक्षण गर्दा उपभोक्ताले खरिद गरेको परिमाण भन्दा बढी परिमाणको ग्याबिन जाली supplying Fabricating of gabion boxes(Heavy) Hexagonal Mesh size 100mm×120mm Box size(2×1×1) including stone packing देखाई बढी भुक्तानी लिएको देखियो । तसर्थ निम्न अनुसारका उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रु.२८८१७९।५० मा समानुपातिक कट्टी गरी रु.२३०५४३।६० देहायअनुसार असुलउपर गर्नुपर्ने रु.

<table>
<tr><th>भौ.न.।मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>बिल बमोजिमको</th><th>हुनुपर्ने परिमाण</th><th>बढी परिमाण</th><th>बिल बमोजिमको दर</th><th>बढी भुक्तानी</th><th>समानुपातिक करकट्टी</th></tr>
</table>

</td><td>२३०५४३.६०</td></tr>
</table>

| दफा | विवरण | रकम |
|---|---|---|

| | | परीणाम | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५३/०७५/३/२२ | बाटेनी खोला नदी नियन्त्रण उ.स. | ६० घ.मि. | ४६ घ.मि. | १४ घ.मि. | ३१९४.७० | ४४७२५.८० | ३५७८०.६४ |
| ३४४/०७५/३/२२ | तमोर खोला देखि गुर्जी तटबन्ध उ.स. | १३४ घ.मि. | १०४ घ.मि. | ३० घ.मि. | ३३०४.७० | ९९१४१.०० | ७९३१२.८ |
| ३४५/०७५/३/२२ | सेतीघर तिनकुना तटबन्ध उ.स. | ७२ घ.मि. | ४२ घ.मि. | ३० घ.मि. | ३०४७.९७ | ९१४३९.१० | ७३१५१.२८ |
| ३१९/०७५/३/२० | बास खोल्मी तटबन्ध उ.स. | ६० घ.मि. | ४४ घ.मि. | १६ घ.मि. | ३३०४.७० | ५२८७३.६० | ४२२९८.८८ |
| | | | | | **जम्मा** | **२८८१७९.५०** | **२३०५४३.६०** |

२५

**बढी दरमा भुक्तानी:** कृषि कार्यक्रम अन्तरगत फलफुल बिरुवा खरिद गर्दा गाँउपालिकाले तय गरेको दरमा खरिद गर्नुपर्दछ । कृषि प्राविधिक श्री हृदय कान्त झाले पेश्की लिई निम्न स्थानबाट देहाय अनुसार बिरुवा खरिद गर्दा बढी दरमा खरिद गरेको देखिदा बढी भुक्तानी भएको रु.१३०४३६।०० को ५० प्रतिशत अनुदान सोको ५० प्रतिशतले हुने रु.६५२१८।०० नीजबाट असुलउपर गर्नुपर्ने रु.

| बिरुवा आपुर्तको नाम | बिवरण | परिमाण | खरिद दर | खरिद गर्नुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| न्यु बिजय फलफुल नर्सरी बागबानी | लिचिको बिरुवा | २००० | ६०.०० | ४०.०० | २०.०० | ४००००.०० |
| न्यु बिजय फलफुल नर्सरी बागबानी | आपको बिरुवा | ५५०० | ५८.०० | ४५.०० | १३.०० | ७१५००.०० |
| न्यु बिजय फलफुल नर्सरी बागबानी | लिचिको बिरुवा | १०५२ | ५८.०० | ४०.०० | १८.०० | १८९३६.०० |
| | | | | | **जम्मा** | **१३०४३६.००** |

रकम: ६५२१८.००

२६

आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्श सेवामा रकम भुक्तानी गर्दा १५ प्रतिशत को दरले अग्रिम करकट्टी गर्नुपर्ने ब्यबस्था छ । स्थायी लेखा नम्बर लिएको जिल्ला लघु उद्यमी संघ(३०२५५६४४७) ले निम्न अनुसारको कार्य गरी रु.८२१०२८।०० भुक्तानी लिदा बिल जारी गरेको

रकम: १०१०७७.००

<table>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>छैन । साथै भुक्तानी रकममा १५ प्रतिशतको दरले रु.१२२९९२।०० अग्रिम करकट्टी गर्नुपर्नेमा रु.२१९१५।०० मात्र अग्रिम करकट्टी देखिएकोले छुट कर रु.१०१०७७।०० संघबाट असुलगरी राजस्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.।मिति</th><th>कामको बिवरण</th><th>भुक्तानी रकम</th><th>लाग्ने कर</th><th>कट्टी कर</th><th>नपुग कर</th></tr>
<tr><td>३३०/०७५/३/२१</td><td>ढाकाको कपडा बुन्ने तालिम</td><td>४९३०००.००</td><td>७३९५०.००</td><td>१५०६०.००</td><td>५८८९०.००</td></tr>
<tr><td>३२९/०७५/३/२१</td><td>दुनाटपरी बनाउने तालिम</td><td>३२८०२८.००</td><td>४९०४२.००</td><td>६८५५.००</td><td>४२१८७.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८२१०२८.००</td><td>१२२९९२.००</td><td>२१९१५.००</td><td>१०१०७७.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७</td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन, २०७५ को दफा ४ तथा अनुसुची १ मा न्यायिक समिति, बिधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरुले मात्र बैठक भत्ता पाउने उल्लेख छ । ना.सु. यादब प्रसाद आचार्यले लिएको पेश्की फछ्र्यौटसँग सम्बन्धित श्रेस्ता परीक्षण गर्दा बिभिन्न योजना अनुगमन गरेबापत गाँउपालिका अध्यक्ष सहितले २०७५ चैत्र, बैशाख, जेष्ठ र आषाढ महिनामा योजना अनुगमन बापत भत्ता र योजना तर्जुमा तथा राजस्व परामर्श बापत भत्ता खर्च रु.४,२६,०००।०० खर्च लेखेको देखियो । नपाँउने भत्ता खर्च बितरण गरेकोले करकट्टी रु.६३,९००।०० कट्टी गरी भुक्तानी दिएको रु.३,६२,१००।०० सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु.</td><td>३६२१००.००</td></tr>
<tr><td>२८</td><td>नगरपालिकाले बिभिन्न कार्यकममा कृषकलाई ५० प्रतिशत अनुदानमा मकैको बिउ, धानको बिउ, पानी तान्ने पम्प, मौरीघार लगायतको सामान उपलब्ध गराएको छ । कृषकलाई बिउ बिजन लगायतका सामान उपलब्ध गराउनुपुर्व वडा कार्यालयबाट बास्तबिक कृषकको पहिचान गरी सोही सिफारिस अनुसार मेशीनरी आदी सामाग्रीमा अनुदान प्राप्त जनाई अनुदान जन्य सामान बितरण भएमा मात्र नतिजामुखी प्रतिफल हुन सक्छ । अनुदान बितरण सम्बन्धी श्रेस्ता परीक्षण गर्दा उपरोक्त बिधि पालना गरेको देखिएन भने गाँउपालिकामा अनुदान दिने कृषकको अभिलेख राख्ने र अनुगमन नगर्ने कार्य बितरित सामानको प्रयोग बारे एकिन गर्न सक्ने अवस्था रहेन । यस तर्फ गाँउपालिकाले ध्यान दिनुपर्ने देखियो ।
<table>
<tr><th>भौ.नं.। मिति</th><th>बिवरण</th><th>खरिद रकम</th><th>अनुदान बितरण</th></tr>
<tr><td>३९३/०७५/३/३१</td><td>एभरेष्ट हाईटेक सिड्स एण्ड केमिक्लस</td><td>४०५०००.००</td><td>२०२५००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td>बिजबृद्धि कार्यकम अर्न्तगत धानको बिउ, मकैको बिउ, आलु जस्ता बिउबिजन खरिद गर्नुपुर्व सकेसम्म सरकारी बिउ उत्पादन केन्द्र यदि संभव नभएमा जिल्ला कृषि बिकास कार्यालयबाट तोकिएको स्रोत केन्द्रबाट प्रमाणित बिउ खरिद गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाले सरकारी बिउ उत्पादन केन्द्रबाट बिउ भए नभएको सम्पर्क समेत नगरी व्यापारीसँग बिउ बिजन खरिद गरेको देखियो । यसरी खरिद गरिएका बिउहरु कार्यकमको उदेश्यहरुसँग मेल खाने गरी गुणस्तर भए नभएको एकिन गर्न सकिएन । यसतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखियो । केही उदाहरण निम्न अनुसारका छन ।
<table>
<tr><th>भौ.नं.।मिति</th><th>आपुर्तक फर्मको</th><th>परिमाण</th><th>बिउ बिजन</th><th>खरिद रकम</th></tr>
</table></td><td></td></tr>
</table>

| दफा | विवरण | रकम |
|---|---|---|

| | बिवरण | | | |
|---|---|---|---|---|
| ३९३/०७५/३/३१ | न्यु कृपा एग्रोभेट, सिन्धुली | १८०० के.जी. | मकैको बिउ | १३५०००.०० |
| ३९३/०७५/३/३१ | एभरेष्ट हाईटेक सिड्स एण्ड केमिकल्स | | मिनिकिट | २५००००.०० |
| ३९३/०७५/३/३१ | एभरेष्ट हाईटेक सिड्स एण्ड केमिकल्स | ३५०० के.जी. | धानको बिउ | २१००००.०० |
| ३९२/०७५/३/३१ | पशुपति एग्रोभेट सेन्टर | ४५५ के.जी. | धानको बिउ | २७३००.०० |
| ३९२/०७५/३/३१ | मैनाली भेट फर्म | १५०५ के.जी. | धानको बिउ | ९०३००.०० |
| | | | **जम्मा** | **७,१२,६००.००** |

**शसर्त तर्फ(शिक्षा):**

| दफा | विवरण | रकम |
|---|---|---|
| ३० | **ICTपुर्वाधार:**विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन निर्देशिका आ. व २०७४।७५ को प्रकरण नं २.१५.११.४१७ मा प्रस्तावका आधारमा सामुदायिक सिकाई केन्द्र मार्फत विद्यालय बाहिर रहेका वालवालिकाहरुलाई सिकाई क्रियाकलाप सञ्चालन गर्न प्रति केन्द्र २ लाख उपलब्ध गराउने व्यवस्था छ । गाउँ कार्यपालिकाको कार्यालयले यो वर्ष उक्त कार्यक्रमवाट रु २ लाखमा ११ वटा ई हाजिरी खरिद गरी ११ वटा विद्यालयहरुलाई वितरण गरेको देखियो । यसरी सामुदायीक सिकाई केन्द्रलाई निकाशा दिनुपर्ने रकमवाट कार्यक्रम विपरित खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु | २०००००.०० |

**वित्तिय समानिकरण तर्फ:**

| दफा | विवरण | रकम |
|---|---|---|
| ३१ | **असम्वन्धित खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत वजेट रकम स्वीकृत निकायको लागि भएको र सोहि अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले देहायका गोश्वरा भौचरवाट पदाधिकारी तथा कर्मचारी वाहेकका दैनिक भ्रमण भत्ता तथा अन्य संस्थावाट गरेको कार्यक्रमको विविध खर्च भुक्तानी गरेको देखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु. | १४५५००.०० |

| सि. नं. | गो भौ नं मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १३६-२०७५/३/२१ | ३ जना व्यक्तिको दैनिक भ्रमण भत्ता | २५५००/- |
| २ | १२४-२०७५/३/५ | थर्पेलिङ्ग गुम्वाको विविध खर्चको विल भुक्तानी | १२००००/- |
| | | जम्मा | १४५५००/- |

**आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट कायम भएका थप व्यहोराहरु:**

| दफा | विवरण | रकम |
|---|---|---|
| ३२ | गाँउपालिकाले आफ्नो क्षेत्राधिकार भरी लागु हुने गरी आर्थिक ऐन,२०७४ स्वीकृत गरी लागु हुने निर्णय गरको देखिन्छ । उक्त आर्थिक ऐनमा आफ्नो क्षेत्राधिकार भरी एकिकृत सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, सवारी साधन कर, पार्किगँ शुल्क आदी कर सँकलन गर्ने व्यवस्था रहेकोमा सेवा शुल्क दस्तुर मात्र सँकलन गरी सँचित कोषमा दाखिला गरेको देखियो । ऐन जारी गरी लागु समेत गरेको अवस्थामा अधिकांश करहरु संकलन गरेको नदेखिएकोले कार्यान्वयन पक्ष | |

| दफा | विवरण | रकम |
|---|---|---|
| | कमजोर देखिएको साथै कर तथा शुल्क सँकलन कार्यविधि गाँउपालिकाले तोके बमोजिम हुनेछ भनिएकोमा सो कार्यविधि बनाई लागु गरेको समेत देखिएन । | |
| ३३ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्दा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा गाँउपालिकाबाट यस आर्थिक बर्षमा बार्षिक खरिद योजना बनाएको देखिएन । | |
| ३४ | गाँउपालिकाले स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रथम, दोस्रो र तेस्रो गरी तिनैवटा चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोको लागि लाग्ने बजेट सिमा निर्धारण गरिए बमोजिम बजेट खर्च गर्नुपर्ने व्यवस्था भएकोमा गाँउपालिकाबाट प्राय जसो सवै काम तेस्रो चौमासिक अवधिको आषाढ महिनामा नै रकम खर्च गरको देखिएकोले यस्तो क्रियाकलापबाट प्रभावकारी, मितव्ययी एंव गुणस्तरीय किसिमले कार्य सञ्चालनमा बाधा पुग्न जाने हुदा चौमासिक अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । | |
| ३५ | भ्रमण खर्च नियमावली,२०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी/कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार खर्च सोधभर्ना बिल दाबिसाथ भ्रमण प्रतिवेदन समेत सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अधिंकाश दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवदेन सँलग्न रहेको देखिएन । | |
| ३६ | चालु खर्च तर्फ बिभिन्न कार्यक्रममा बजेट खर्च लेखी आर्थिक प्रतिवेदनमा समेत सोही बजेट खर्च कायम गरी सकेको अवस्थामा बजेट खर्च कायम गरी सकेको अवस्थामा बजेट खर्चमा समावेश भै सकेको कर रकम बर्षको अन्त्यसम्ममा पनि दाखिला गरेको नदेखिएकोले दाखिला गर्न बांकी रहेको रकम संघीय सरकारको सम्बन्धित राजश्व शिर्षकहरुमा दाखिला गर्नुपर्ने रु. | ५५७२९.५५ |
| ३७ | बजेट तर्जुमा दिग्दर्शन,२०७४ ले कार्यक्रम र बजेट निर्माणमा रु.५,००,०००।०० भन्दा माथिका योजनाहरु मात्र तयार गरी कार्याक्रम बनाउन निर्देश गरेकोमा सोको प्रभावकारी कार्यान्वयन भएको देखिएन । | |
| ३८ | कार्यालयको तर्फबाट अख्तियार प्राप्त कर्मचारीमा निहित रहने आर्थिक अधिकार अर्न्तगत पर्ने योजना सम्झौता गर्ने, करार सम्झौता गर्ने आदि कार्य अख्तियार प्राप्त व्यक्ति स्वंयमले गर्नुपर्नेमा कानुन सम्मत आर्थिक अधिकार नभएको कर्मचारीले आर्थिक कारोबारसँग सम्बन्धित संम्झौता गरेको कार्य कानुन सम्मत नै भएको हो भन्न सक्ने देखिएन । | |
| ३९ | बोलपत्र/दरभाउ पत्र मुल्याँकन समिति गठन गरिएतापनि सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४७ अनुसारको ढाँचामा गठन गरेको देखिएन । साथै मुल्याँकन समितिले छुट्टै मुल्याँकन प्रतिवेदन समेत पेश गरेको देखिएन । | |
| ४० | आर्थिक बर्षको अन्त्यमा अ.स.ई. एक बहादुर कोइरालाले कार्याक्रम सञ्चालन गर्न लिएको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभएकोले नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु. | १००००.०० |
| ४१ | बिद्यालयहरुमा कार्यरत शिक्षक/कर्मचारीहरुको तलब भत्ता अनुदान निकासा, छात्रबृत्ति, निशुल्क पाठ्यपुस्तक आदिको रकम बिद्यालयको बैंक खातामा निकासा दिएको देखिन्छ । तत्कालीन जिल्ला शिक्षा कार्यालयले गर्दै आएको कामको जिम्मेवारी स्थानीय तहमा जाँदा जिल्ला शिक्षा कार्यालयमा भएका सम्बन्धित स्थानीय तह भरिका बिद्यालय, बाल बिकास केन्द्र, सामुदायिक सिकाई केन्द्र एंव कार्यरत शिक्षक/कर्मचारीहरुको अधिकारीक अभिलेख बिधिवत् रुपमा स्थानीय तहलाई हस्तान्तरण गरेको देखिएन साथै शिक्षा तर्फका कार्यक्रमहरु सञ्चालन गर्न कुनै पनि निजामती सेवा तर्फका कर्मचारीलाई खटाएको समेत देखिएन, जसले गर्दा अभिलेख, भिडान र सहजिकरणमा कठिनाई देखिएको छ । बिद्यालयबाट प्राप्त चौमासिक माग फाराममा श्रोत व्यक्तिको सिफारिसको आधारमा शिक्षक, कर्मचारीहरुको चौमासिक तलब भत्ता सम्बन्धि बिद्यालयको बैंक खातामा निकासा दिएको देखियो । स्थानीय तहमा अन्य अभिलेख व्यबस्थित किसिमले नभएको कारणले नियुक्ति, सरुवा, रमाना, स्वेच्छिक अवकाश, अनिवार्य अवकाश, मुत्यु खाली आदि भएका शिक्षकहरुको सो अवधिको चौमासिक निकासा बिद्यालयको बैंक खातामा पुरै | |

| दफा | विवरण | रकम |
|---|---|---|
| | अवधिको गएको पछिल्लो चौमासिक रकम निकासा दिंदा अभिलेख भिडान गरी कटाउनुपर्ने देखिन्छ र निबृत्ति शिक्षकहरुको औषधि उपचार, संचित बिदा तथा उपदान वापतको रकम सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाटै भुक्तानी हुने प्रावधान राखिएकोले नियन्त्रण गर्न निकै कठिनाई देखिएको हुँदा सेवा निबृत्ति पश्चातको सुविधा रकम भुक्तानी र अन्य चौमासिक तलब भत्ता अनुदान निकासा अनिवार्य रुपमा एउटै निकायबाट कार्यान्वयन गरेमा मात्र नियन्त्रण व्यवस्था प्रभावकारी हुने देखिन्छ । | |
| ४२ | सामाजिकसुरक्षाभत्तारकमबितरणगर्ननिम्नानुसारकाकर्मचारीहरुलाईउपलब्धगराईएकोपेश्कीरकमआ.व. कोअन्त्यसम्मपनिफछ्र्यौटगरेकोनदेखिएकोलेनियमानुसारफछ्र्यौटगर्नुपर्नेरु.<br>वडासचिवगणेशकुमारराई रु. ८,२५,६००/००<br>वडासचिवराजुकुमारउप्रेतीरु. १८,००,०००/००<br>वडासचिवप्रेमबहादुररायक्षेत्रीरु. १३,३५,२००.०० | ३९६०८००.०० |
| ४३ | <u>धरौटीतर्फः</u><br>गोश्वाराधरौटीखाताअनुसारबैंकमौज्दातरु५९,०००/००हुनुपर्नेमाबैंकस्टेटमेन्टमारु७०,०००/००मौज्दातदेखिएकोलेबैंकमाबढीदेखिएकोरु.<br>११,०००/००आन्तरिकश्रोततर्फकोआम्दानीभएकोलेउक्तरकमआन्तरिकआयमाआम्दानीबाँधीसकेकोदेखिएकोहुँदाधरौटीखातामाखर्चलेखीस्थानीयसञ्चितकोषखातामादाखिलागरीनियमितगर्नुपर्नेरु. | ११०००.०० |
| ४४ | आन्तरिकश्रोततर्फकोआम्दानीमध्येआर्थिकवर्षकोअन्त्यमासमेतरु.<br>३,७५०/००आन्तरिकआयबैंकखाताबाटस्थानीयसञ्चितकोषखातामाट्रान्सफरगरेकोनदेखिएकोलेउक्तरकमट्रान्सफरगरीनियमितगर्नुपर्नेरु. | ३७५०.०० |
| ४५ | गाउँपालिकालेपेशगरेकोश्रेस्ता,बैंकनगदीकिताब,मासिकतथावार्षिकवित्तियप्रतिवेदनहरुरएकिकृत आय-व्ययबिवरणबमोजिमयसआर्थिकवर्षमारु. ३४,८६,५७,०४५/८२आम्दानीप्राप्तभैजम्मारु. २८,४३,९०,७६१/१६खर्चभएररु.<br>६,४२,६६,२८४/६६मौज्दातबाँकीरहनुपर्नेमानगदमौज्दातसहितरु.६,४४,६६,०९७/११मौज्दातबाँकी देखिएकोले<br>९बेरुजुदाखिलागर्नेरु५५,,८२०/००रकरदाखिलागर्नेरु१,१०,०४४/०५रम्यादगुज्रेकोबैंकबाटसटहीहुन नसकेकोचेककोरु. २२,३८२/००समेतगरिजम्मारु१,८८,२४६/०५घटाउदाखुदफरकहुनेरु. ११,५६६/४०मौज्दातबढीरकमकेकसरीबढीहुनआएकोहोयकिनगर्नअभिलेखसँगभिडानगरीश्रेस्ता दुरुस्तराख्नुपर्नेदेखिन्छसाथैसामाजिकसुरक्षाकार्यक्रमतर्फरु.<br>३,०३,२४,०००/००बजेटबिनियोजनभैरु.<br>२,४८,३३,१००/००निकासा/खर्चभएकोमावडासचिवहरुलेसामाजिकसुरक्षाभत्तावितरणगर्नपेश्कीलगेकोरकमपेश्कीफछ्र्यौटगर्नेक्रममारु.<br>४,३९,७००/००सञ्चितकोषखातामादाखिलागरेकोमासञ्चितकोषखातारखर्चखातादुबैतर्फउक्तरकम आम्दानीबाँधेकोदेखिएकोलेबैंकसँगयथार्थभिडानगरीएकिनगर्नुपर्नेदेखिन्छ। | |
| ४६ | मासिकरुपमावित्तियप्रतिवेदनहरुतयारगरीश्रेस्तालेदेखाएकोबैंकमौज्दातसम्बन्धितबैंककोस्टेटमेन्टसँगअनिवार्यरुपमासोहीमहिनामैभिडानगरीश्रेस्तादुरुस्तराख्नुपर्नेदेखिन्छ। | |
| ४७ | आर्थिकवर्ष२०७३/०७४कोआ.ले.प./म.ले.प. प्रतिवेदनमाउल्लेखभएकोअन्तिमबैंकमौज्दातरु. ५२,३८,४१९/०६मध्येकोसाविकगा.वि.स. (वडातर्फकोबैंकखातामारहेको) तर्फकोरु. २५,५४९/५३कमजिम्मेवारीसारेकोरवडातर्फकोरकमगाउँपालिकाकोसञ्चितकोषखातामाट्रान्सफरगरीआम्दानीबाँधेकोनदेखिएकोलेउक्तरकमवडाबाटगाउँपालिकाकोखातामाट्रान्सफरगरीवडाकाखाताहरुबन्दगरीउक्तरकमआम्दानीबाँधीनियमितगर्नुपर्नेरु. | २५५४९.५३ |

<table>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४८</td><td>बित्तिय जवाफदेहीताको स्थितिः लेखापरीक्षण योजना तथा कार्यक्रमको अनुसुची ११ अनुसार कार्यालयको बित्तिय जवाफदेहिताको मूल्यांकन गरी ४ तहमा ग्रेडिङ गर्नुपर्ने व्यवस्था छ । कार्यालयको व्यवस्थापकिय पक्ष, बित्तिय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन/बिकास निर्माणको ५/५ सुचांकको सम्बन्धमा कार्यालयको अभिलेख तथा आर्थिक कारोबारको परीक्षण एवं व्यबस्थापन पक्षसँग छलफल गरी मूल्याकंन गर्दा निम्ननानुसार सुचकहरुबाट ६२ अकं अर्थात बि ग्रेड (धेरै राम्रो) तह देखियो । कार्यालयले देहायको जवाफदेहिता मूल्यांकन सुचांकमा ५ अकं भन्दा कम प्राप्त गरेको पक्षमा आगामी दिनमा सुधार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९</td><td>बेरुजु- गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने बेरुजु रु.३७ लाख २७हजार, अनियमित बेरुजु रु.३ लाख ६० हजार, प्रमाण कागजात पेश नभएको बेरुजु रु.४ लाख ५२ हजार र पेश्की बांकी देखिएको रु.४१ लाख ४५ हजार समेत रु.८६ लाख ८४ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट भई रु. ७ लाख ५० हजार फछ्र्यौट भई रु.७९ लाख ३४ हजार बेरुजु कायम भएको छ ।</td><td></td></tr>
<tr><td>५०</td><td>अनुगमन तथा मुंल्याकनः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यबस्था गरेकोमा निम्नानुसार देखिएको छ ।
<table>
<tr><th>गत बर्षको बेरुजु रकम(A)</th><th>यो बर्षको फछ्र्यौट(B)</th><th>बांकी(C=A-B)</th></tr>
<tr><td>३३९३०००.००</td><td>०.००</td><td>३३९३०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>अद्याबधिक बेरुजु स्थितिः गाँउपालिकाको आर्थिक बर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छः
<table>
<tr><th>गत बर्षको फछ्र्यौट गर्न बांकी(C)</th><th>यो बर्ष सम्परीक्षणबाट कायम बेरुजु(D)</th><th>यो बर्ष कायम बेरुजु(E)</th><th>बांकी( F=C+D+E)</th></tr>
<tr><td>३३९३०००.००</td><td>०.००</td><td>७९,३३,९६६.८७</td><td>१,१३,२६,९६६.८७</td></tr>
</table></td><td></td></tr>
</table>

**अनुसूची– १**

## हरिहरपुर गाँउपालिका सिन्धुलीको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | सिन्धुली | हरिहरपुरगढी गाँउपालिका | ३७ | २० | ८६८४ | १ | ८ | ७५० | ३६ | १२ | ७९३४ | ३५८७ | ३६० | २६ | - | - | ३८६ | ३९६१ | - | ३९६१ |

**अनुसूची- २**

## स्थानीय तह सञ्चित कोष विवरण

## २०७४।७५

**प्रदेश नम्बर :- तिन (३)**

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | हरिहरपुरगढी गाँउपालिका | सिन्धुली | ५२१३ | २२८००९ | ८१९२६ | ३३५५९ | ३४३४९४ | २८०७७ | १४८०७८ | १११४०८ | २८७५६३ | ६११४४ |